प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय, प्रदेश नं. १

इटहरी, सुनसरी

## प्रमाणपत्र तह नसिङ्ग कार्यक्रमको पूर्ण शुल्कीय तर्फ प्रवेश परीक्षाको आवेदन फारम भरेका शिक्षण संस्थाहरुबाट प्राप्त नतिजा रुजु गरी प्रकाशन गरिएको सम्बन्धि अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः२०७८/०९/११

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपूरको मिति २०७८/०८/०८ गते प्रकाशित पूर्ण शुल्किय तर्फ प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको प्रवेश परीक्षाको आवेदन फारम भर्ने सम्बन्धि सूचना अनुसार शैक्षिक सत्र २०७८/७९ का लागि परिषद् परीक्षा नियन्त्रण कार्यालयको "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धि निर्देशिका २०७४ (चौथो संशोधन २०७८)" तथा सूचनामा उल्लेख भएबमोजिम आवेदन फारम भरेका योग्य आवेदकहरुको संस्थाहरुले तयार गरी यस प्रदेश कार्यालयमा बुझाएको नतिजा रुजु गरी वरीयताक्रमको आधारमा प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । छनौट भएका मुख्य प्रशिक्षार्थीहरुलाई सम्बन्धित शिक्षण संस्थाहरुले आफ्नो स्वीकृत कार्यक्रम र कोटा अनुसार योग्यताक्रम बमोजिम मिति २०७८/०९/२६ गते भित्रमा भर्ना गराइसक्नुपर्ने छ । शिक्षण संस्थाहरुको प्रकाशित नतिजामा आवेदकहरुको SLC/SEE/TSLC को सक्कल शैक्षिक कागजातमा उल्लेख भएको प्राप्ताङ्क तथा शैक्षिक सस्थाले उल्लेख गरेको कोटा फरक पर्न गई कुनै किसिमको त्रुटि देखिन आएमा सो को जिम्मेबार सम्बन्धित शैक्षिक संस्था नै हुने व्यहोरा समेत जानकारी गराइन्छ । भर्ना भएका प्रशिक्षार्थीहरुका लागि कक्षा संचालन तथा रजिष्ट्रेशन लगायतका कार्यहरु परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट जारी डिप्लोमा तथा प्रमाणपत्र तह तर्फको विद्यार्थी भर्ना निर्देशिका सूचना एवं निर्देशन बमोजिम गर्नु गराउनुहुन समेत अनुरोध छ ।

निर्देशक